# मिति २०८३/०५/२२ गते सर्वोच्च अदालतमा पुनरावेदन दर्ता गरिएको मुद्दाको विवरण

| सि.नं. | प्रतिवादीहरु | मुद्दा | आयोगको मागदावी | विशेष अदालतको फैसला र आधार | आयोगबाट सम्मानित सर्वोच्च अदालतमा पुनरावेदन गरिएका आधारहरु |
|---|---|---|---|---|---|
| १ | प्रतिवादीहरु रंजित कुमार यादव, दुर्गा प्रसाद राय, शिव कुमार झा, संजु कुमारी यादव, राजकिशोर सल्हैता, पलवी ठाकुरर रौनित ठाकुर (विशेष अदालतको मुद्दा नं. ०८१-CR-०१४३,फैसला मिति २०८२/१२/१० | सार्वजनिक सम्पत्तिको हिनामिना, हानिनोक्सानी दुरुपयोग गरी भ्रष्टाचार गरेको। | **क.प्रतिवादीहरु सबैला नगरपालिकाका तत्कालीन इन्जिनियर रंजित कुमार यादव, तत्कालीन लेखापाल शिव कुमार झा र उक्त पालिकाका पशु सेवा शाखाका प्रमुख राज किशोर सल्हैता ,सबैला नगरपालिका वडा नं. ८ का तत्कालीन वडा अध्यक्ष दुर्गा प्रसादलाई** भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसूरमा बिगो रू. १४,७७,५००।-(चौध लाख सत्तर हजार पाँच सय) कायम गरी ऐनको दफा १७ ले निर्देश गरे बमोजिम दफा ३ को उपदफा (१) को देहाय (च) तथा भ्रष्टाचार निवारण ऐन, २०५९ (पहिलो संशोधन सहित) को दफा ३ को उपदफा (१) को देहाय (घ) र दफा ३ को उपदफा (१) बमोजिम सजाय हुन र सोही ऐनको दफा १७ बमोजिम निज प्रतिबादीहरूबाट विगो समेत असुल उपर हुन मागदावी लिइएको देखिन्छ।<br>**ख. अर्चना कृषि सहकारी संस्थाका अध्यक्ष संजु कुमारी यादवलाई** भ्रष्टाचार निवारण ऐन, २०५९ | **फैसलाः**<br>विशेष अदालतबाट मिति २०८२/१२/१० मा मा प्रतिवादीहरु दुर्गा प्रसाद राय, रञ्जितकुमार यादव र संजुकुमारी यादवलाई भ्रष्टाचार निवारण ऐन,२०५९ को दफा ३ को उपदफा (१) को खण्ड (घ) बमोजिम कैद जनही १ (एक) बर्ष कैद र रु.४,९२,५००।— जरिवाना हुने ठहर्छ।साथै निज प्रतिवादीहरुबाट अपराध पीडित संरक्षण ऐन,२०७५ को दफा ४१ बमोजिम जनही रु.१९,७००।— का दरले क्षतिपूर्ति शुल्क पीडित राहत कोषमा दाखिला गर्ने र बिगो असुलीतर्फ कुल विगो रु.१४,७७,५००।— रहेको हुँदा दामासाहीले हुन आउने जनही रु.४,९२,५००।— का दरले भ्रष्टाचार निवारण | **विशेष अदालत काठमाडौंबाट प्रतिवादीहरुलाई सफाई दिने ठहर गरी भएको फैसला देहायको आधार र कारणबाट उक्त फैसला बदरभागी रहेको छः-**<br>**क.**<br>जिल्ला धनुषा, सबैला नगरपालिकाले आ.व. २०७७/७८ मा प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना अन्तर्गत बाखाको साना व्यवसायीक कृषि उत्पादन पकेट विकास कार्यक्रमका लागि रु. १५,००,०००।—(पन्ध्र लाख) विनियोजन गरेकोमा उक्त कार्यक्रम संचालनको लागि भनी उक्त सबैला नगरपालिका नगर कार्यपालिकाको कार्यालय धनुषाबाट मिति २०७८।०१।०७ गते १५ दिनको सूचना प्रकाशन गर्ने भनी कार्यालयको लेटरहेडमा उल्लेख गरी कार्यक्रमको टिप्पणी फायलमा समावेश गरेको सम्म देखिन्छ । उक्त सूचना कहाँ, कहिले, के माध्यमबाट, प्रकाशन वा प्रशारण भए गरेको भन्ने कुनै तथ्यगत आधार र सवूद प्रमाण केही देखिदैन। **प्रतिबादीहरूले** बयानको क्रममा कुनै पत्रिकामा प्रकाशित गरेको भनी पत्रिकाको नाम उल्लेख गर्न सकेको समेत देखिदैन। यसवाट यि प्रतिवादीहरुले शुरुवात देखिनै बदनियतपुर्वक उक्त कार्यक्रम कागजमा मात्र देखाउने उद्देश्यले तयार पारेको प्रष्ट देखिदा देखिदै सो तथ्यको विश्लेषण नगरि भएको फैसला त्रुटीपुर्ण देखिन्छ।<br>ख. अर्चना सहकारी संस्थाको नाममा अध्यक्ष प्रतिवादी संजु कुमारी यादवले पकेट बिकास कार्यक्रमको लागि प्रस्ताव पेश गरेपछि मिति २०७८।०२।०५ गते नेपाल सरकारको अनुदान तर्फको कार्यक्रम कृषि तथा पशु कार्यक्रम अन्तर्गत बाखाको सानो ब्यबसायिक उत्पादन केन्द्र पकेट बिकास कार्यक्रम कृषि समूह तथा कृषि सहकारीहरूलाई मिति २०७८।०१।०९ गतेको सूचना अनुसार १५ दिने म्याद भित्र यसै न.पा.को पशु सेवा शाखामा प्रस्ताव पेश गर्ने सूचना अनुसार अर्चना कृषि सहकारी संस्था लि. सबैला न.पा. ७ निबेदन १ मात्र पर्न आएको निज सहकारी संस्थालाई साना ब्यबसायिक बाखा पालन कार्यक्रम संचालन गर्नको लागि सिफारिस साथ अनुरोध छ भन्ने समेत ब्यहोराको पशु सेवा शाखाका तत्कालिन प्रमुख राज किशोर सल्हैताले टिप्पणी उठाई उक्त टिप्पणी सदर भएको देखिन्छ । यस प्रकार कानूनी प्रक्रिया पूर्ण रुपमा छली भ्रममा पार्न उठाइएको टिप्पणी ब्यहोरा प्रथम दृष्टिमै वदनियतपूर्ण तवरले तयार पारी स्वीकृत गरे भएको देखिदा देखिदै उक्त गलत ब्यहोराको टिप्पणी उठाउन प्रतिवादी राजकिशोर सल्हैतालाई सफाई हुने ठहर गरि भएको फैसला त्रुटीपुर्ण देखिदा बदर भागी छ।<br>ग. उक्त अर्चना कृषि सहकारी संस्थासँग सम्झौता गर्दा मिति २०७८।०२।०५ गतेका दिन सबैला न.पा. को कार्यालय धनुषा र अर्चना कृषि सहकारी संस्था लि. बीच देहाय बमोजिमको शर्तहरूका अधिनमा रही यस नगरपालिकाको बाखाको साना ब्यबसायिक कृषि उत्पादन केन्द्र पाकेट कार्यक्रम अन्तर्गत सबैला नगरपालिकाको वडा नं. ३,७,८ मा कार्यक्रम गर्न भ्याट सहित जम्मा रू. १५,००,०००।— |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | को दफा १७ बमोजिमको कसूरजन्य कार्यको नगद तथा अन्य गैरकानूनी लाभ लिने प्रकृती मतियार भई सोही ऐनको दफा २२ बमोजिमको कसूरमा मुख्य कसूरदारहरुलाई विगो रु.१४,७७,५००।-(अक्षेरुपी चौध लाख सतहतर हजार पाँच सय) कायम गरी सोही ऐनको दफा १७ ले निर्देश गरेबमोजिम दफा ३ को उपदफा (१) को देहाय (च) तथा भ्रष्टाचार निवारण ऐन, २०५९ (पहिलो संशोधन सहित) को दफा ३ को उपदफा (१) को देहाय (घ) र सोही ऐनको दफा ३ को उपदफा (१) बमोजिम सजाय हुन तथा सोही ऐनको दफा १७ बमोजिम बिगो असुल उपर हुने सजायलाई आधारमानी सोही ऐनको दफा २२ को प्रतिबन्धात्मक वाक्यांश बमोजिम मुख्य कसूरदार सरह सजाय हुन मागदावी लिईएको देखिन्छ।<br><br>**ग. सबैला नगरपालिकाको तत्कालीन प्रशासकीय अधिकृत स्व बालबिर ठाकुरको .श्रीमती पलवी ठाकुर र छोरा रौनितलाई**<br>प्रतिवादी स्व. बालविर ठाकुरले उक्त कार्यक्रमका लागि झुटा | ऐन,२०५९ को दफा १७ बमोजिम निज कसुर ठहर भएका प्रतिवादीहरुबाट असुल उपर गर्नु पर्ने ठहर्छ। अन्य प्रतिवादीहरु शिवकुमार झा, राजकिशोर सल्हैता, पलवी ठाकुर र रौनित ठाकुर उपरको आरोप दावी पुग्न नसक्ने भई आरोपदावीबाट सफाई पाउने ठहर गरी फैसला भएको देखिन्छ।<br><br>**विशेष अदालतले फैसला गर्दा लिएका आधारः**<br>क.प्रतिवादीहरु दुर्गाप्रसाद रञ्जितकुमार यादव संजुकुमारी यादवले आ दावी बमोजिमको क गरेको ठहर्छ।<br>ख. प्रतिवादीहरु मध्ये लेखापाल शिवकुमार झा पशु प्रविधिक राजकि सल्हैताले कार्य अन्तर्गतको समान बु वितरण गर्ने र भुक्तानी सम्मका कार्यमा संलग पुष्टि हुन नसकेको।<br>ग. प्रतिवादीहरु पल्लवी ठाकु रौनित ठाकुरको हकमा | **(अक्षेरुपी पन्ध्र लाख रुपैयाँ)** मा सम्पन्न गर्न गराउन दुबै पक्षको मन्जुरी भएको भन्ने समेत ब्यहोरा उल्लेख गरी सम्झौता गरेको तर के कुन शर्तहरूका अधिनमा रहने हो सम्झौतामा कुनैशर्तहरू उल्लेख गरेको देखिँदैन। अर्थात उक्त सम्झौता ठिक सत्य कारोवारका लागि नभई कार्यक्रमको खर्च अवलोकन गर्ने व्यक्तिलाई भ्रममा पार्नका लागि मात्र तयार पारेको स्वत; पुष्टी भएको देखिन्छ। यसरी उक्त कार्यक्रम उक्त अर्चना कृषि सहकारी संस्थालाई दिने गरी सम्झौता गरेपनि सबैला नगरपालिकाबाट उक्त बोका पाठी, खसी र च्यापकहर माग फारम, दाखिला रिपोर्ट वनावटी झुट्टा तयार गरी उक्त कार्यक्रममा उल्लेखित पाठी, बोका, खसी, च्यापकहर लगायतका सामान वडा नं. ८ का वडाध्यक्ष प्रतिवादी दुर्गा प्रशाद रायले बुझेको भर्पाईबाट देखिन्छ । यस स्थितिमा अर्चना कृषि सहकारी संस्थाको तर्फबाट संजु कुमारी यादवले कार्यक्रम सम्पन्न भएको आधार उल्लेख गरी रकम उपलब्ध गराईपाउ भन्ने समेत ब्यहोराको सहकारी संस्थाको तर्फबाट पत्र नगरपालिकामा पेश गरेको विषय आफैमा झुटको पुलिन्दा रहेको प्रष्ट देखिन्छ। तिनै रकम उपलब्ध गराईपाउ भन्ने पत्रका आधारमा नगरपालिकाका ईन्जिनियर **रंजित कुमार यादव**ले उक्त सबै सामान बाखा लगायतका कार्य सम्बन्धितलाई बुझाई कार्य सम्पन्न भई सकेकोले निजको भुक्तानीको लागि पेश गरेको छु भनी झुट्टा वनावटी प्रतिवेदन पेश गरेको र सोही झुट्टा वनावटी कागज ब्यहोरालाई गैरकानूनी लाभका लागि प्रतिवादीहरुले एक आपसमा मिलेमतो गरी जानी जानी सोही आधारमा संजु कुमारी यादवको नाममा भुक्तानी दिएको देखिन्छ ।अर्चना सहकारी संस्थाले राधा सहकारी संस्थाबाट उक्त सामान खरिद गरेको भनी नक्कली बील भर्पाई पेश गरेको र सोही बिल भर्पाईका आधारमा भुक्तानी लिएको देखिदा एक झुट्टा तथ्यलाई सत्य देखाउन अन्य धेरै झुट्टा बिल भर्पाई तथा कागजात तयार पारेको स्पष्टै देखिन्छ । एकातिर यी प्रतिबादीहरूले नगरपालिकाको जिन्सी खातामा दाखिल गर्ने र अर्कोतिर सोही पशु तथा माल वस्तुहरु अर्चना सहकारीले राधा सहकारीको बिल भर्पाई पेश गरी भुक्तानी लिएबाट उक्त पशु तथा माल वस्तुहरु खरिद नगरी लेखा परीक्षण गर्ने निकायलाई गफलतमा पार्न र कानूनी कारवाहीबाट उम्कन एक पछि अर्को झुट्टा कागजात तयार पारी राखेको देखिदा आरोप पत्रको प्रतिवादी महलमा उल्लेखित विभिन्न जिम्मेवारीमा रहेका राष्ट्रसेवक प्रतिवादीहरुको सामहिक कार्यवाट नै उक्त झुट्टा रिपोर्ट तयार गरि हानी नोक्सानी पुर्याएको तथ्य स्थापित भई रहेको अवस्थामा वडा नं ८ का वडाअध्यक्ष प्रतिवादी दुर्गा प्रशाद राय, अर्चना कृषि सहकारी संस्थाकी अध्यक्ष संजु कुमारी यादव र नगरपालिकाका तत्कालिन ईन्जिनियर रंजित कुमार यादवलाई मात्र विगो दामासाही गरि कम सजाय गर्ने र अन्य प्रतिवादीहरुलाई सफाई हुने ठहर गरि भएको फैसला त्रुटिपुर्ण देखिदा बदर भागी छ।<br>ग. उक्त राधा सहकारी संस्थाको प्रोप्राईटर अर्थात अध्यक्ष राधा कुमारी यादवले अधिकार प्राप्त अधिकारी समक्ष बयान गर्दा उक्त जारी गरिएको बिल आफ्नो नभएको भनी बयान गरेबाट समेत यी प्रतिबादीहरूले एक आपसमा मिलोमतो गरी वदनियतपूर्ण उद्देश्यले सरकारी तथा सार्वजनिक संस्था सबैला नगरपालिकालाई गैरकानूनी तवरले हिनामिना हानिनोक्शानी गर्ने र प्रतिवादीहरु आफुहरूले गैरकानूनी लाभ लिने बदनियतले उक्त कार्यक्रमका नाममा झुटा बिल भर्पाई पेश गरी गराई भुक्तानी लिएको पुष्टि हुन आउछ।प्रतिबादी वडा नं ८ का वडाअध्यक्ष प्रतिवादी दुर्गाप्रसाद रायले अधिकार प्राप्त |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | सूचना, टिप्पणी, माग फाराम, दाखिला रिपोर्ट, प्राविधिकको स्थलगत प्रतिवेदन, विल भरपाई समेतका कागजात मात्र तयार पारेको तथ्य निज बालवीर ठाकुरले जानी जानी सोही झुट्टा विवरण तथ्य खडा गर्ने गराउने कार्यमा अन्य राष्ट्रसेवक तथा अर्चना सहकारी संस्थाका अध्यक्ष संजु कुमारी यादव समेतसँग मिली गर्दै नगरेको काम गरे भएको भनी झुट्टा कागजात तयार पार्न लगाई आफूले स्वीकृती प्रमाणित गरी रु. १४,७७,५००।—(चौध लाख सतहत्तर हजार पाँच सय) अर्चना कृषि सहकारी संस्थालाई भुक्तानी गरी सबैला नगरपालिकाको सार्वजनिक सम्पत्ति बदनियतपूर्वक हिनामिना गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसूर गरेको देखिदा निज प्रतिवादी बालबिर ठाकुरको मृत्यु भइसकेको देखिंदा फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १३३ को उपदफा (२) सोही संहिताको दफा १५८ को उपदफा (२)अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा २९ (क) र भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ४६ बमोजिम मृत्यु भएको | सबैला नगरपालिक तत्कालिन प्रमुख प्रशासव अधिकृत स्व.बाल ठाकुरको देहान्त भई निज हकवालाको हैसियत रहेको भन्ने देखिएता हिनामिना हानिनोक्स भएको बिगो रकम बालविर ठाकुरले खाएको पुष्टि हुने बस्तु आधार प्रमाणको अभा निजहरुले आरोप दावी सफाई पाउने ठहर्छ। | अधिकारी समक्ष बयान गर्दा उक्त खसी पाठी बोकाच्यापकहर बुझीलिई सो संस्थाको अध्यक्ष संजु कुमारी यादवलाई बुझाएको भनी बयान गरेको देखिन्छ भने अर्चना कृषि सहकारी संस्था की अध्यक्ष संजु कुमारी यादवले आफ्नो बयानमा दुर्गाप्रसाद रायले बुझेको भनी एक आपसमा परस्पर बाझिने बयान गरेको देखिन्छ। प्रतिवादीहरुले जिकिर लिए जस्तो बरबुझारथ गरेको एउटै सवूद तथा कागज प्रमाण केही उपलब्ध गराउन नसकेबाट समेत यी प्रतिबादीहरूले एक अर्कालाई देखाई मिलेमतोमा सरकारी सार्वजनिक सम्पत्ति हानि नोक्सानी गरी गैरकानूनी लाभ लिएपछि कानूनी कारवाहीबाट उम्कने उद्देश्यले उक्त कुरा बयानमा उल्लेख गरेको पुष्टि हुन आउछ । अर्चना कृषि सहकारी संस्थाले खरिद गरेको भनिएका बोका, पाठी र डाले घाँस **(खसी)** कसलाई वितरण गरियो भन्ने स्पष्ट विवरण नभएको, बाखा बोका हस्तान्तरण गरेको पनि नदेखिएको, बाखा बोका पाठी च्यपकहर खरिदका सबै बिल भर्पाई वनावटी झुट्टा देखिएको, कार्यक्रम संचालन गर्ने सहकारी संस्था अर्चना कृषि सहकारी संस्थालेराधा कृषि फर्मबाट खरिद गरेको भनेको, बोका, पाठी र डाले घाँस राधा कृषि फार्म (पा.नं. ६१३२८७०७२) मिति २०७८।०३।२० गते को विल मेरो फर्मबाट जारी गरेको होइन भनी राधा कृषि फार्कका प्रोपाइटर राधा कुमारी यादवले इन्कारी वयान गरेको देखिएको र आयोगको कार्यालय वर्दिवासबाट खटिएको अम्विका प्रशाद पहाडी समेतको टोलीले पेश गरेको स्थलगत प्रतिवेदनमा विल भरपाईमा उल्लिखित संख्या बमोजिम बाखा पालनको लागि बनाइएको गोठ खाली रहेको, गोठमा बाखा, बोका नरहेको, बाखा पालन गर्ने व्यक्तिहरुको घरमा साना, ठूला गरेर १९ थान बाखा र बोका मात्र रहेको भन्ने मिति २०८०।०२।१६ गतेको प्रतिवेदनबाट देखिएकाले उक्त रकम कार्यक्रमका लागि बोका, पाठी,च्यापकहर, डाले घाँस **(खसी)** खरिद नगरी मिलोमतो गरी झुटा विल भरपाई र गलत कागजात तयार गरी नभएको कार्यक्रमलाई भएको भनी रू.१५,००,०००।—(अक्षेरुपी पन्ध्र लाख) को योजनामा रू.२२,५००।- (बाईस हजार पाँच सय) कर कट्टी गरी राजश्वमा जम्मा भएको देखिएको बाहेकको बाँकी अन्य रकम रु. १४,७७,५००।—(चौध लाख सतहत्तर हजार पाँच सय) प्रतिवादीहरु बीच एक आपसमा मिलेमतो गरी आरोप दावी बमोजिम कसूर गरेको तथ्य स्थापित भएको देखिदा देखिदै सो तथ्य एवं प्रमाणको समुचित मुल्यांकन तथा विश्लेषण नगरि प्रतिवादीहरु दुर्गा प्रशाद राय , संजुकमारी यादव र रंजित कुमार यादवलाई मात्र कम सजाय गरि अन्य प्रतिवादीहरु लेखापाल शिवकुमार झा, पशु प्रविधिक राजकिशोर सल्हैता, पल्लवी ठाकुर र रौनित ठाकुरलाई सफाई हुने ठहर गरि भएको फैसला त्रुटिपुर्ण देखिदा बदर भागी छ।<br>६. **प्रस्तुत मुद्दा प्रतिवादी कायम गरिएका तत्कालीन लेखापाल शिव कुमार झा र उक्त पालिकाका पशु सेवा शाखाका प्रमुख राज किशोर सल्हैताको हकमा हेर्दाः** प्रतिवादी राज किशोर सल्हैताले आफ्नो जिम्मामा रहेको सबैला नगरपालिकाको सम्पत्ति गैरकानूनी रुपमा हानिनोक्सानी पुऱ्याउने र आफुहरु समेतलाई गैरकानूनी लाभ लिने बदनियतले नगरपालिकाले आ.ब. ०७७/०७८ मा नेपाल सरकारको शसर्त अनुदानतर्फ प्रधानमन्त्री कृषि अधुनिकीकरण परियोजना अन्तर्गत बाखाको साना व्यवसायिक कृषि उत्पादन केन्द्र पकेट विकास कार्यक्रम बापत ५०% लागत साझेदारी गर्नेगरी उक्त कार्यक्रम गर्नुपर्ने भएकोले उक्त कार्यक्रम गर्नका लागि रु. १५,००,०००।-विनियोजन भएकोमा उक्त कार्यक्रम अगाडी |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | प्रतिवादीको हकमा समेत मुद्दा चलाउन र सरकारी वा निजी विगो, क्षतिपुर्ति वा रकम भराउने सकिने कानूनी व्यवस्था रहेकाले निज बालविर ठाकुरको हक खाने कान्छी श्रीमती पलवी ठाकुर र छोरा रौनित ठाकुरलाई नेपाल सरकार तथा सार्वजनिक संस्था सबैला नगरपालिकको हानिनोक्सानी तथा हिनामिना गरेको विगो रु.१४,७७,५००।—(चौध लाख सतहत्तर हजार पाँच सय) सोही ऐनको दफा १७ बमोजिम असुल गर्ने प्रयोजनका लागि प्रतिवादी बालविर ठाकुरको हक खाने कान्छी श्रीमती पलवी ठाकुर र छोरा रौनित ठाकुर देखिदा विगो रु.१४,७७,५००।—(चौध लाख सतहत्तर हजार पाँच सय) निजको श्रीमती पलवी ठाकुर र छोरा रौनित ठाकुरबाट असुल उपर हुन मागदावी लिइएको। | | बढाउन भनि मिति २०७८।०१।०७ को टिप्पणीमा हस्ताक्षर गरी सो कार्यक्रमको लागि कुनै पनि सूचना ननिकाली केवल अर्चना कृषि सहकारी संस्थाको एक मात्र प्रस्ताव पेश भएको भन्ने तथ्य उल्लेख गरी उक्त संस्थालाई साना ब्यबसायिक बाखा पालन कार्यक्रम गर्नको लागि सिफारिस साथ अनुरोध छ भनी मिति २०७८।०२।०५ गते बनावटी तथ्य, ब्यहोरा, कागजातको काम उल्लेख गरी टिप्पणी पेश गरेको देखिन्छ भने सोही झुट्टा कागजातको आधारमा **लेखापाल प्रतिवादी शिब कुमार झा** समेतका प्रतिवादीहरुले मिलोमतो गरी झुट्टा विल भरपाई र गलत कागजात तयार गरी गर्न लगाई नभएको नगरेको कार्यक्रमलाई भए गरेको भनी रु. १५,००,०००।- (पन्ध्र लाख) को योजनामा रू. २२,५००।-(बाईस हजार पाँचसय) कर कट्टी गरी राजश्वमा जम्मा भएको देखाई बाँकी रकम रु. १४,७७,५००।-(चौध लाख सतहत्तर हजार पाँच सय) अर्चना सहकारी संस्था लिमिटेडलाई भुक्तानी दिई वदनियतपूर्वक हानी नोक्सानी पुर्याएको तथ्य मिसिल संलग्न टिप्पणी आदेश तथा सिफारीस र सोही बमोजिम भुक्तानी समेत दिएको विवरणबाट देखिदा समान दायित्व भएका केही प्रतिवादीगहुको हकमा आंशिक सजाय गर्ने र केही प्रतिवादी (शिवकुमार झा र राजकिशोर सल्हैता) हरुलाई आरोप दावीबाट सफाई दिने ठहर गरि भएको फैसला प्रमाण मुल्याङ्कनका रोहमा त्रुटिपूर्ण देखिदा बदर भागी छ।<br>[illegible]. **उक्त पालिककाको तत्कालिन प्रशासकीय अधिकृत प्रतिवादी स्व. बालविर ठाकुर मृत्यु भईसकेकोले निजको श्रीमति पलवी ठाकुर र छोरा रौनित ठाकुरको हकमा हेर्दाः** उक्त पालिककाको तत्कालिन प्रशासकीय अधिकृत स्व. बालविर ठाकुरले उक्त कार्यक्रमका लागि झुटा सूचना, टिप्पणी, माग फाराम, दाखिला रिपोर्ट, प्राविधिकको स्थलगत प्रतिवेदन, विल भरपाई समेतका कागजात मात्र तयार पारेको तथ्य मिशिल संलग्न अनुसन्धानको क्रममा सम्वन्धित कार्यालयवाट प्राप्त विवरण एवं कागजातहरुवाट पुष्टि भएको देखिन्छ। निज बालवीर ठाकुरले जानी जानी सोही झुट्टा विवरण तथ्य खडा गर्ने गराउने कार्यमा अन्य राष्ट्रसेवक तथा अर्चना सहकारी संस्थाका अध्यक्ष संजु कुमारी यादव समेतसँग मिलेमतो गरि गर्दै नगरेको काम गरे भएको भनी झुट्टा कागजात तयार पार्न लगाई आफूले स्वीकृति तथा प्रमाणित गरी लेखापाल प्रतिवादी शिव कुमार साहवाट रु. १४,७७,५००।—(चौध लाख सतहत्तर हजार पाँच सय) अर्चना कृषि सहकारी संस्थालाई भुक्तानी गरी नेपाल सरकार तथा सार्वजनिक संस्था सबैला नगरपालिकाको सार्वजनिक सम्पत्ति बदनियतपूर्वक हिनामिना गरेकोले उक्त कार्य भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसूर भएको हुँदा निज प्रतिवादी बालविर ठाकुरलाई बिगो रु. १४,७७,५००।—(चौध लाख सतहतर हजार पाँच सय) कायमा गरी सोही ऐनको दफा १७ ले निर्देश गरे बमोजिम सोही ऐनको दफा ३ को उपदफा (१) को देहाय (च) तथा भ्रष्टाचार निवारण ऐन, २०५९ (पहिलो संशोधन सहित) को दफा ३ को उपदफा (१) को देहाय (घ) बमोजिम कैद सजाय गरी सोही दफा ३ को उपदफा (१) बमोजिम जरिवाना गरी सोही ऐनको दफा १७ बमोजिम विगो समेत असुल उपर हुन पर्नेमा निज बालवीर ठाकुरको मिति २०७९।०४।२४ मा मृत्यु भएको मृत्यु दर्ता प्रमाणपत्रबाट देखिएकाले फौजदारी न्यायको मान्य सिद्वान्त बमोजिम निज उपर फौजदारी कसूरमा कैद तथा जरिवानाको सजाय माग दावी लिनुपर्ने अबस्था नरहेता पनि निज उपर फौजदारी |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | कार्यविधि संहिता, २०७४ को दफा १३३ को उपदफा (२) सोही संहिताको दफा १५८ को उपदफा (२)अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा २९ (क) र भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ४६ बमोजिम मृत्यु भएको प्रतिवादीको हकमा समेत मुद्दा चलाउन र सरकारी वा निजी विगो, क्षतिपुर्ति वा रकम भराउने सकिने कानूनी व्यवस्था रहेकाले निज बालविर ठाकुरको अव हक खाने श्रीमती पलवी ठाकुर र छोरा रौनित ठाकुरबाट असुल उपर गर्नु पर्नेमा उल्लेखित कानुनी ब्यवस्था एवं तथ्य प्रमाणको विवेचना नगरि स्व. बालविर ठाकुरको हक खाने श्रीमती पलवी ठाकुर र छोरा रौनित ठाकुरलाई सफाई हुने ठहर गरि भएको फैसला त्रुटिपूर्ण देखिदा बदर भागी छ।<br>**छ. सबैला नगरपालिका वडा नं. ८ का तत्कालीन वडा अध्यक्ष प्रतिवादी दुर्गा प्रसाद राय, सोही नगरपालिकाका तत्कालीन इन्जिनियर रंजित कुमार यादव र अर्चना कृषि सहकारी संस्थाका अध्यक्ष संजु कुमारी यादव संजुकुमारी यादवको हकमा हेर्दा** जिल्ला धनुषा, सबैला नगरपालिकाले आ.व. २०७७/०७८ मा कृषि प्रबर्द्धन कार्यक्रम अन्तर्गत कार्यक्रम संचालन गर्नका लागि विनियोजन भएको रु. १५,००,०००।–रकमको को कार्यक्रम संचलान गर्न अर्चना कृषि सहकारी संस्थालाई नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत बालवीर ठाकुरले कार्यदिश दिएको सो पालिकाको मिति २०७८।०४।०३ को खर्च निकासी फारममा प्रति गोटा बोकाको एकलाख रुपैयाँका दरले ५ वटा बोकाको पाँच लाख रुपैयाँ, प्रति गोटा पाठीको दश हजार रुपैयाँका दरले २२५ वटा पाठीको बाईस लाख पचास हजार रुपैयाँ गरी कूल रु.२८,४९,९९५।– खर्च भएको भनि उल्लिखित बोका तथा पाठी लगायतका सामग्री सबैला नगरपालिका वडा नं. ८ का अध्यक्ष दुर्गाप्रसाद रायले बुझिलिएको भरपाईबाट देखिदा निजको प्रत्यक्ष संलग्नता पुष्टि भएको छ। यसै गरि **सोही नगरपालिकाका तत्कालीन इन्जिनियर रंजित कुमार यादवले** नेपाल सरकार तथा सार्वजनिक संस्था सबैला नगरपालिकाको सम्पत्ति गैरकानूनी तवरले हिनामिना हानी नोक्सानी पुऱ्याउने र आफुलाई गैरकानूनी लाभ लिने बदनियतले आफु राष्ट्रसेवक भएर आफ्नो ओहदाको कर्तब्य पालना गर्दा धनुषा जिल्ला सबैला नगरपालिकाको आ.ब.२०७७/७८ को नेपाल सरकारको शसर्त अनुदानतर्फको प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना अन्तर्गतको बाखाको साना ब्यबसायिक कृषि उत्पादन केन्द्र पकेट बिकास कार्यक्रम अन्तर्गत माथि उल्लिखित सहकारी संस्थाले काम सम्पन्न गरेको भनी जानी जानी झुट्टा प्रतिवेदन ब्यहोरा उल्लेख गरी भुक्तानी दिनको लागि सिफारिस गरेको देखिन्छ। यसै गरि **अर्चना कृषि सहकारी संस्थाका अध्यक्ष संजु कुमारी यादव संजुकुमारी यादव** बाखाको साना ब्यबसायिक कृषि उत्पादन केन्द्र पकेट बिकास कार्यक्रमको ५० प्रतिशत लागत साझेदारी कार्यक्रमको नगरपालिकासँग रू.१५,००,०००।—(अक्षरेपी पन्ध्र लाख) बराबरको कार्यक्रम संचालन गर्ने गरी सम्झौता गरी सम्झौता बमोजिम काम नै नगरी अन्य प्रतिबादीहरू राजकिशोर सल्हैता, रंजित कुमार यादव र शिव कुमार झार बालवीर ठाकुरसँग मिलोमतो गरी नेपाल सरकार तथा सार्बजनिक संस्था सबैला नगरपालिकाको सम्पत्ति हानिनोक्सानी, हिनामिना, दुरूपयोग गर्ने र एकआपसमा लिई दिई आफूलाई गैरकानूनी लाभ लिने बद्नियतले कार्यक्रमको नगरपालिकाबाट सूचना प्रकाशित गर्दा समेत मिलोमतो गरी राष्ट्रिय प्रत्रिकामा प्रकाशित नगरी उक्त सूचना आफुले मात्र लिई एकल रूपमा प्रस्ताब पेस गरी सम्झौता गरी, सम्झौता |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | बमोजिमको बोका, पाठी, डाले घास, च्यापकहर खरिद नगरी उक्त कार्यक्रमले निर्दिष्ट गरेको काम गरेको खरिद गरेको भनी राधा सहकारी र रोशनी जेनरल अर्डर सप्लायर्सको झुट्टा विल भरपाई र कागजात तयार गरी बिगो रू.१४,७७,०००।- (अक्षेरेपी चौध लाख सतहत्तर हजार पाँच सय) हिनामिनागरेको तथ्य पुष्टि भई रहेको देखिदा देखिदै निज प्रतिवादीहरु दुर्गाप्रसाद राय, रञ्जितकुमार यादवर संजुकुमारी यादवलाई कम सजाय गर्ने उदेश्यले विगो दामासाही गरि जनही १ (एक) बर्ष कैद र जनही रु.४,९२,५००।– जरिवाना र जनही रु.४,९२,५००।– का दरले जरिवाना गरि सोही अनुसार विगो असुल उपर गर्ने ठहर गरी भएको फैसला **"Punishment must be proportionate to the gravity of the offence and the offender's culpability"**को सिद्धान्त विपरित देखिदा उक्त विशेष अदालतवाट आंशिक ठहर हुने गरि भएको फैसला सो हद सम्म बदर गरि आरोप पत्रमा प्रतिवादी कायम गरिएका प्रतिवादीहरुलाई माग वादी बमोजिम सजाय गरि पाउन सादर अनुरोध छ।<br>अतः माथि विवेचित आधार,कारण र मिसिल संलग्न प्रमाणहरुबाट विशेष अदालत काठमाण्डौबाट आंशिक ठहर गरि भएको उक्त फैसला सो हद सम्म बदर गरि प्रतिवादीहरु दुर्गाप्रसाद राय, रञ्जितकुमार यादव, संजु कुमारी यादव शिवकुमार झा, राजकिशोर सल्हैता, पलवी ठाकुर र रौनित ठाकूरलाई आरोप दावी आरोप पत्र मागदावी बमोजिम सजाय गरि पाउन सादर अनुरोध छ। |